## सम्वत् २०८२ साल फागुन ११ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:

१. नेपाल स्वास्थ्य सेवा, जनरल सर्जरी समूह, प्रमुख कन्सल्टेन्ट सर्जन एघारौं तहका डा. रामबाबु खड्कालाई अर्को व्यवस्था नहुन्जेल प्रादेशिक अस्पताल भद्रपुर, झापामा रहेको रिक्त विशेषज्ञ पदमा कामकाजका लागि खटाउने।

२. मुख्य न्यायाधिवक्ताको आठौं वार्षिक प्रतिवेदन, आ.व. २०८१/८२ कोशी प्रदेश सरकारको तर्फबाट आन्तरिक मामिला तथा कानुन मन्त्रीले कोशी प्रदेश सभामा पेस गर्ने।

३. उद्योग, कृषि तथा सहकारी मन्त्रालयः कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता (दोस्रो संशोधन) नियमावली, २०८२ लाई मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेश गर्ने।

४. भौतिक पूर्वाधार विकास मन्त्रालयः प्रदेश भवन नियमावली, २०८२ लाई मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेश गर्ने।

५. आर्थिक मामिला तथा योजना मन्त्रालयः कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा १२ उपदफा (१) बमोजिम आदेश जारी गर्ने।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*